**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०६ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- देश तथा राज्यका विभिन्न ठाउँ सरह आज दार्जीलिङ पहाड-तराई डुवर्समा पनि राम नवमी भक्तिभाव एवं उल्लासको साथमा मनाइयो।
- रामनवमीको अवसरमा आज खरसाङ्गको गिद्ध पहाड़मा आयोजित गरिएको गिद्धे मेलाको मानिसहरुले धैरै आनन्द लिएका छन्।
- पूर्वोत्तर क्षेत्रका लागि एक महत्त्वपूर्ण पूर्वाधार विकासको रूपमाए परिवहन मन्त्री नितिन गडकरीले राष्ट्रिय राजमार्ग-717। को विस्तार एवं विकासको लागि बजेट स्वीकृत भएको घोषणा गर्नु भएको छ।
- पश्चिम बंगाल स्वास्थ्य विभागले नक्कली औषधिको अवैध व्यापार अन्त्य गर्न दिशा-निर्देश जारी गरेको छ।
- मौसम विभागले भोलिदेखि राज्यको विभिन्न ठाउँहरुमा हल्का देखि मध्यम वर्षा हुन सक्ने अनुमान व्यक्त गरेको छ।

**राम नवमी पहाड-तराई**

आज राम नवमी देशभरि हर्षोल्लासको साथ पालन गरियो। यस वर्ष सम्पूर्ण पश्चिम बंगालमा पनि रामनवमीको पर्व श्रद्धा अनि भक्तिभावसित मनाइयो। कोलकातादेखि लिएर राज्यका विभिन्न शहर एवं गाउँहरुमा विशाल शोभायात्राहरुको आयोजना गरिएको थियो भने विभिन्न मन्दिरहरुमा पुजा अर्चना गरियो। अन्य ठाउँ सरह दार्जीलिङ पहाड-तराई डुवर्समा पनि राम नवमी उल्लासको साथमा मनाइयो। दार्जीलिङ पहाडको विभिन्न ठाउँहरुमा रामनवमीको शोभा यात्रा भव्यताको साथ निकालियो। दार्जीलिङ शहरमा आयोजित शोभायात्रामा धैरै मात्रामा भक्तजनहरू सहभागी बनेका थिए। राम नवमीको शोभायात्रामा सहभागी बन्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टका संयोजक अजय एड्वर्डसले सबैलाई शुभकामना दिएका छन्।

**बाइटः**

प्रतिवर्ष झै कालेबुङमा यस वर्ष पनि राम नवमी भव्य रूपमा पालन गरियो। यस अवसरमा मेला ग्राउण्डबाट शोभायात्रा निकालिएको थियो। यस शोभायात्राले शहरका विभिन्न स्थानहरूको परिक्रमा गरेका थिए। यसै गरी खरसाङमा पनि हर्षोल्लासको साथ आज राम नवमी पालन गरियो। शहरमा आयोजित शोभायात्रामा जीटीए प्रमुख कार्यपाल अनित थापा पनि सहभागी बनेका थिए। सिलगढीमा पनि भव्य रूपमा भक्तजनले राम नवमी पालन गरे। सिलगढी शहरमा विराट शोभायात्रा निकालिएको थियो जसमा दार्जीलिङका सांसद राजु विष्ट पनि सहभागी बनेका थिए। उहाँले सबै भक्तजनहरूलाई राम नवमीको शुभकामना दिनुभयो।

**बाइटः**

रामनवमीको अवसरमा आज डुवर्सका विभिन्न ठाउँहरूमा पनि शोभायात्रा आयोजना गरिएको थियो। नगरकट्टामा राम नवमी समितिद्वारा आयोजित शोभायात्रामा सबै समुदायका मानिसहरू सहभागी बनेका थिए। यसै गरी मिरिकमा पनि भक्तजनले राम नवमी भव्य रूपमा पालन गरेका छन्।

**राम नवमी मुख्यमन्त्री**

रामनवमीको पावन अवसरमा पश्चिम बंगालको मुख्यमन्त्री ममता ब्यानर्जीले सबैलाई शुभकामना दिनु भयो। मुख्यमन्त्रीले एउटा सामाजिक सञ्जाल पोस्टमा रामनवमीको अवसरमा सबैलाई हार्दिक शुभकामना भनी बताउनुभयो। उहाँले सबैको जीवनमा समृद्धिको कामना गर्नु हुँदै सबैसित शान्ति एवं विकासको मूल्यलाई कायम राख्ने अनुरोध पनि गर्नुभयो। गत वर्षहरूमा रामनवमीको दिन भएका हिंसाहरूलाई मध्यनजर गर्दै पश्चिम बंगाल सरकारले यस वर्ष सुरक्षालाई अझ कड़ा बनाउँदै राज्यभरि २९ जना वरिष्ठ आईपीएस अधिकारीहरूलाई तैनाथ गऱेको थियो। कोलकातामा मात्र लगभग तीन हजार पुलिसकर्मीलाई तैनाथ गरेको थियो।

**गिद्धे मेला**

रामनवमीको शुभ अवसरमा आज खरसाङ्गको गिद्ध पहाड़मा प्रत्येक वर्ष झैं यस वर्ष पनि राम नवमी मेला अर्थात गिद्धे मेला आयोजना गरिएको थियो। मेलामा विभिन्न सामग्रीहरु बिक्री गर्ने तथा खान-पानको दोकानहरु राखिएको थियो भने सँधै झैं यस वर्ष पनि मेलाको आनन्द लिने तथा मेलामा राखिएको दोकानहरुमा विभिन्न सामग्रीहरु किन्ने मानिसहरुको धेरै भीड़ देखिएको थियो। यसको साथै गिद्ध पहाड़स्थित राम मन्दिर एवं गिद्धे मन्दिरमा भगवानको दर्शन गर्ने भक्तजनहरुको पनि  धेरै भीड़ रहेको खबर प्राप्त भएको छ। उल्लेखनीय छ प्रत्येक वर्ष राम नवमीको दिन आयोजित गरिने गिद्धे मेलाको ऐतिहासिक महत्त्व हुन साथै भक्ति तथा आस्थासित सम्बन्धित विशेषता रहेको छ।

**राजमार्ग 717**

पूर्वोत्तर क्षेत्रका लागि एक महत्त्वपूर्ण पूर्वाधार विकासको रूपमा,  सडक परिवहन र राजमार्ग मन्त्री नितिन गडकरीले राष्ट्रिय राजमार्ग-717।  को विस्तार र स्तरोन्नतिका लागि 7 सय 70 करोड २५ लाख रूपियाँको बजेट स्वीकृत भएको घोषणा गर्नु भएको छ। यो घोषणा उहाँको आधिकारिक फेसबुक पेजमार्फत गरिएको हो। यस परियोजनाले हालको मार्गलाई दुई लेनको राजमार्गमा परिणत गर्ने तथा पक्का किनारा सहितको निर्माण गर्ने लक्ष्य राखेको छ। यसले पश्चिम बङ्गाल अनि सिक्किमका प्रमुख क्षेत्रहरूमा यात्रा दक्षता,  सम्पर्क र सुरक्षालाई बढावा दिनेछ। प्रायः मनसुनको समयमा अवरुद्ध हुने राष्ट्रीय राजमार्ग 10 को जलवायु-अनुकूल विकल्पको रूपमा परिकल्पना गरिएको यस परियोजनाले संरचनात्मक स्थायित्व र निर्बाध सम्पर्क सुनिश्चित गर्ने बताइएको छ।

**स्वास्थ्य विभाग**

पश्चिम बंगाल स्वास्थ्य विभागले नक्कली औषधिको अवैध व्यापार अन्त्य गर्न दिशा-निर्देश जारी गरेको छ। स्वास्थ्य विभागका प्रमुख सचिव नारायण स्वरूप निगमले सबै सरकारी अस्पतालका चिकित्सा कर्मचारीलाई नक्कली औषधिको व्यापार रोक्न विशेष कदम चाल्न आग्रह गर्नु भएको छ। निगमले अनुसन्धान प्रक्रियाको बारेमा जानकारी दिइएको बताउनु भएको छ। स्वास्थ्य विभागका अधिकारीले बताए अनुसार मिसावटयुक्त औषधि नियन्त्रण गर्ने जिम्मेवारी मेडिकल कलेज अथवा अस्पतालका वरिष्ठ डाक्टरको हुनेछ। प्रत्येक औषधि तथा इंजेक्शन प्रयोग गर्नु अघि ब्याच नम्बर रेकर्ड गर्नुपर्नेछ। यस सम्बन्धमा सबै जानकारी चौबीस घण्टाभित्र जिल्ला औषधि नियन्त्रण अधिकारी अथवा जिल्लापाललाई पठाउनु पर्नेछ। नक्कली औषधि पहिचान गर्न निरन्तर अभियान चलाइंदैछ।

**भाजपा स्थापना दिवस**

भारतीय जनता पार्टीको स्थापना दिवस आज देशका विभिन्न क्षेत्रहरूमा पालन गरियो। यस अवसरमा सिलगढीमा पनि पार्टीका कार्यकर्ताहरूले पार्टीको 45औँ स्थापना दिवस पालन गरे। भाजपा सिलगढी साङ्गठनिक जिल्ला कार्यालयमा पार्टीको झण्डा फहराएर पार्टी कार्यकर्ताहरू बीच शुभकामना आदानप्रदान गरेर यो दिवस मनाइयो। कार्यक्रममा दार्जीलिङका सांसद राजु विष्ट विशेष रूपमा उपस्थित थिए।

**उपन्यास  मार्साङ**

गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा आज डा पारसमणि प्रधान प्रेक्षागृहमा स्रष्टा निरङ्कर थापाको उपन्यास  मार्साङको लोकार्पण गरिएको छ। यस लोकार्पण कार्यक्रमको अध्यक्षता गोर्खा जनपुस्तकालयको अध्यक्ष रबीनकुमार प्रधानको अध्यक्षता र वरिष्ठ साहित्यकार उदय थुलुङको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। सभाध्यक्ष, प्रमुख अतिथि र विशिष्ट अतिथिहरुका बाहुलीबाट धुप दीप प्रज्ज्वलन गरी थालिएको कार्यक्रममा उपन्यासकार निरङ्कर थापाको परिचय गजलकार पी लक्की शेर्पाले राखेकी थिइन्। यही कार्यक्रममा खरसाङका स्रष्टा निरङ्कर थापाको पाँचौं कृति उपन्यास मार्साङ सभाध्यक्ष प्रमुख अतिथि, विशिष्ट अतिथिहरुको बाहुलीबाट लोकार्पण गरिएको छ। कार्यक्रममा वार्ताकारहरुलाई गोर्खा जनपुस्तकालय खरसाङको तर्फबाट स्मृति चिन्ह प्रदान गरिएको छ। यसै कार्यक्रममा २८ नम्बर समष्टिमा आयोजित जीटीए आईडलको अडिशनको तर्फबाट उपन्यासकार निरङ्कर थापालाई सम्मान जनाइएको छ।

**घुम्ती**

तीनधारे महानदी समष्टि अन्तर्गत घुम्ती चिया बगानमा स्थापित माता सिंहदेवी मन्दिरमा चैत्र नवरात्रि अनि राम नवमी पुजा अनुष्ठान भव्य रुपमा सम्पन्न भएको छ।

**मौसम**

पश्चिम बंगालमा गत एक महीनाको अवधि वर्षामा कमी दर्ता गरिएको छ। अलीपुर मौसम विभागले जानकारी दिए अनुसार राज्यमा यस अवधि लगभग ४४ प्रतिशत कम वर्षा भएको छ। यद्धपी मौसम विभागले बेमौसम वर्षा अनि कालबैशाखीको संभावना व्यक्त गरेको छ। विभाग अनुसार भोलि सोमवारदेखि दक्षिण बंगालको धेरै भागहरुमा हल्कादेखि मध्यम वर्षा हुन सक्नेछ।

****** ० ******